जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः २४० पृष्ठः ४ | २०८० माघ ०१ गते सोमबार (Monday 15 Jan. 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

## हुस्सु-कुहिरोले तराई-मधेशको जनजीवन कष्टकर, चिसोले बिरामी पर्न थाले वृद्धवृद्धा



**मणिलाल विश्वकर्मा**

लहान, २९ पुस। बाक्लो हुस्सु-कुहिरोले तराई-मधेशको जनजीवन कष्टकर बनेको छ। एक सातादेखि चिसो बढेपछि विपन्न, वृद्धवृद्धा, गर्भवती, सुत्केरी प्रभावित छन। सिरहाको लहान नगरपालिका- १४ बस्तीपुरको मुसहर बस्तीका करिब ६५ वर्षीय भसन सदाय घरको आँगनछेउमा बनाएको परालको खोपडीमा सुत्नुपर्दा चिसोले थलिएका छन। सानो झुपडीमा छोरा, बुहारी, स-साना नातिनी सुत्न पनि सकस हुँदा आँगनको छेउमा मागेर ल्याएको परालको खोपडीमा सुत्न थालेपछि चिसोले दमको समस्या बल्झिएको उनको गुनासो छरु। 'छोरोले मजदुरी गर्छ। बालबच्चा पाल्नै ठिक्क छ,' भसनकी श्रीमती सम्तोलियाले भनिन्, 'छोराले दुई छाक जसोतसो खुवाइरहे पनि बुढाबुढी परालमा रात काटिरहेका छौं।'

चिसोले बस्तीपुरकी ७५ वर्षीया बिन्दा पासवानको दम बढेको छ। 'पिठ्युँ दुखेर हिँडडुल गर्न पनि लौरोको सहारा चाहिन्छ, मजदुरी गरेर जीविका चलाउने छोराहरूको अवस्था पनि राम्रो नभएकाले गाउँघरमा मागेर गुजारा गरिरहेकी छु,' उनले भनिन। बस्तीपुर गाउँकी करिब २३ वर्षीया मनीषा सदाय आठ महिनाकी गर्भवती छिन। पहिलो सन्तान तीन वर्षका छोरा रहेकी उनको श्रीमान् जीवछ सदायले ट्र्याक्टर मजदुरी गरेर पाँचजनाको परिवारको जीविका चलाइरहेका छन। 'आठ महिनाकी गर्भवती छु, तर न जाडोमा न्यानो कपडा छ, न कुनै पोषिलो खानेकुरा,' उनले भनिन्, 'रातभरको कठ्यांग्रिने चिसोले ज्यान नै जालाजस्तो हुन्छ।' पछिलो हप्ता दिनदेखि घाम नलाग्ने हुनाले परालको घुर तापेर बस्ने गरेको उनले बताइन।

१५ दिनअघि छोरी जन्माएकी सुत्केरी हुन्, स्थानीय २७ वर्षीया ममतादेवी सदायरु। गाउँनजिकैको इँटाभट्टामा मजदुरी गर्दै आएका श्रीमान् सञ्जय सदायको कमाइले सासू-ससुरासहित ६ जनाको परिवारको हातमुख जोड्नसमेत गाह्रो पर्ने भएकाले चिसोमा सुत्केरी अवस्थामा खानुपर्ने पोषिलो खानेकुरा त परको कुरा, न्यानो ओढ्नेसमेत नहुँदा चिसोमा अप्ठ्यारो झेलिरहेको उनले गुनासो गरिन।

त्यही गाउँका ६५ वर्षीय चुल्हाई सदाय तीन वर्षदेखि पक्षाघातले थलिएका छन। करिब १० वर्षअघि श्रीमती गुमाएका उनका दुई भाइ छोराले मजदुरी गरेर आ-आफ्नो परिवारको लालनपालन गर्दै आएका छन। दुईवटा झुपडीमा दुई भाइ छोराका परिवार बस्ने भएकाले पक्षाघातका बिरामी मुट्ठु कमाउने चिसोमा बाटोछेउको परालको खोपडीमा बस्दै आएका छन। 'हामी गरिबलाई कुनै सरकारले पनि हेरेन, कम्तीमा दाउरा दिए पनि त्यही तापेर त ज्यान जोगाउँथ्यौं,' उनले गुनासो गरे।

-बाँकी तीन पेजमा

## तीस केजीको लड्डुसहित माघे संक्रान्ति मनाउने तयारी



**बिरेन्द्र प्रसाद नेपाल**

सिरहा, २९ पुस। सिराहा जिल्लाको धनगढीमाई,थारु कल्याणकारिणी सभाको आयोजनामा तीस केजीको लड्डु प्रदर्शन गर्दै "थारु मौलिकता या पौराणिक कला संस्कृति उजागर करैके लेल " मुख्य नारा सहित थारु कल्याणकारिणी सभा धनगढीमाई नगर समितिद्वारा " पहुलका तिला सङ्क्राईत उत्सव (माघी) २०८० पहिलोपटक धनगढीमाई वाडा नम्बर ११ आम चौकमा मनाउनका लागि सम्पूर्ण तयारी पूरा भएको आज आयोजित पत्रकार सम्मेलन मार्फत आयोजक समितिका सम्भु प्रसाद चौधरीले जानकारी दिनु भएको छ । आइतबार आयोजित पत्रकार सम्मेलनमा माघ १ गते हुने कार्यक्रममा थारु भाषा,संस्कृतिको जगेर्ना गर्ने उद्देश्यका साथ थारु भाषा,कला संस्कृति अन्तर्गत विभिन्न पौराणिक वस्तुहरूको प्रदर्शन र सांस्कृतिक कार्यक्रम समेत हुने सम्मेलन मार्फत जानकारी गराईएको छ। पूर्व पश्चिम राजमार्गको धनगढी बजारको केही पूर्वमा रहेको आम चौक स्थित हुन लागेको थारु कल्याणकारिणी सभाको पहिलो पटकको कार्यक्रममा करिब ५ हजारदेखि ७ हजारको हाराहारीमा आम जनसमुदायको सहभागिता हुने अनुमान गरिएको छ। कार्यक्रममा थारु समुदायको प्रमूख व्यक्तिहरूको समेत सहभागी रहने आयोजक समितिले बताएको छ। कार्यक्रममा थारु नृत्य, झाँकी, लगायतको अभिनय समेत गरिने भएको छ। कार्यक्रममा संक्रान्तिको अवसरमा बनाइने पकवान अन्तर्गत ३० केजीको लड्डु बनाएर प्रदर्शनको तयारीमा एकातिर रहेको छ भने अर्कोतिर धनगढीमाई नगरपालिका भित्र करिब ८ ओटा वडाका विभिन्न टोल बस्तीहरूमा रहेका थारु समुदायका सबैले आफ्ना जातिय परम्परा अनुसार पहिरनमा कार्यक्रममा सहभागी हुने बताइएको छ।



GUPTA BROTHERS AUTO TRADE | Mirchaiya | 9801500888, 033-550744
SNEHA AUTO ZONE | Siraha | 9801552815,033-550255

## करोडौं लागतमा निर्माण गरिएको अस्पताल भवन गुणस्तरहीन भएको भन्दै रोक्का

रौतहट, २९ पुस। रौतहटको कटहरिया स्थित प्राथमिक स्वास्थ्य केन्द्रको १५ बेडको भवनको निर्माणमा गुणस्तरहीन काम भएको भन्दै थप निर्माण कार्यमा रोक लगाइएको छ। २०७७ पुस १ गरेका दिन तत्कालीन नगर प्रमुख सियाराम कुश्वाहाले शिलान्यास गरेका अस्पताल भवनको निर्माणमा ठेकदारले गुणस्तरहीन काम सुरु गरेको भन्दै रोक्का

-बाँकी तीन पेजमा

## भूकम्पको जोखिमबाट बच्ने उपाय

- भूकम्पको जोखिम र त्यसबाट बच्ने उपायबारे जानकारी आदानप्रदान गरौं,
- घरभित्रका फर्निचर, सजावटका सामान, पानी ट्याङ्की नहल्लने र नखस्ने गरी बलियोसँग राखौं,
- घर, स्कूल तथा कार्यालयमा भूकम्पको समयमा सुरक्षित रहन सकिने स्थानको पहिचान गरौं,
- भूकम्पको समयमा आत्तिएर भाग्ने वा दगुर्ने नगरौं,
- भूकम्पको बेला खुल्ला र सुरक्षित स्थानमा जाऔं,
- प्राथमिक स्वास्थ्य उपचारको विषयमा जानकारी राखौं,
- आफू सुरक्षित भई अरुको सुरक्षामा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सवारीसाधन, मृत्यु र ट्राफिक ज्ञान

सवारीसाधन जुध्ने, पल्टने, सडकबाट खस्ने, मान्छेलाई किच्नेजस्ता कारणबाट औसतमा दिनहुँ करिब एक दर्जन मानिसको मृत्यु भएका समाचार हाम्रा निम्ति नियमित आकस्मिकता भएका छन् । गएको शुक्रबार दाङको भालुवाङमा राप्ती नदीको पुलबाट बस खसेर १२ जनाको मृत्यु भयो, चार सिकिस्त छन् । शनिबार चन्द्रागिरिमा एउटा भ्यान सडकबाट खस्दा पाँचजनाको मृत्यु भयो । शनिबार नै बागलुङको बुर्तिबाङबाट ढोरपाटनतर्फ गइरहेको जीप दुर्घटना हुँदा दुईजनाले ज्यान गुमाए भने नौजना घाइते भएका छन् ।

यी र यस्ता घटनाले हामीलाई केही कुरा सिकाएको जस्तो लाग्दैन, किनभने सवारीसाधनको वृद्धिसँगै प्रत्येक वर्ष प्रतिएक लाख नेपालीमा १४ जनाको मृत्यु हुने गरेको एक तथ्यांकले देखाएको छ । विकसित देशमा प्रतिएक लाखमा पाँचदेखि १० सम्म मृत्यु हुँदा नेपालमा सवारीसाधन दुर्घटनामा यति धेरै मृत्यु हुनुले हाम्रो तयारी, सरकारको बुझाइ, नियम–कानुन तथा सवारीचालकको मनस्थितिले भूमिका खेलेको कुरामा दुईमत छैन । हाम्रा सवारीचालकहरूले दिने ट्राफिक सिग्नलमा समेत एकरूपता छैन । दायाँ जान्छु भन्न मात्र बाल्नुपर्ने दायाँ 'सिग्नल लाइट' ओभरटेक गर भनेर संकेत गर्न पनि बाल्ने, अर्कोतिरबाट आएको सवारीसाधनलाई साइडको संकेत गर्न पनि त्यही दायाँ साइड लाइट बाल्ने कार्यले धेरै दुर्घटना निम्त्याउँछ । साथै, सवारीसाधन चलाउँदा मादकपदार्थ सेवनमा शून्य सहनशीलता अपनाइए पनि गाँजा सेवन गर्ने चालकहरूलाई जाँच गर्ने गरिएको छैन, यो ठूला बस दुर्घटनाको प्रमुख कारण हुनसक्छन् ।

यस्तै, साना सवारीसाधनहरू धेरै गतिमा जाँदा सानो दुर्घटना हुँदा पनि ज्यान जाने जोखिम हुन्छ भन्ने साधारण ज्ञान समेत चालकहरूमा देखिँदैन । अरू सवारीसाधनलाई 'जाऊ' भन्न प्रयोग गरिने 'हेड लाइट ब्लिंक' हाम्रो देशमा 'म जान्छु, बाटो देऊ' भन्न प्रयोग गरिन्छ । अप्ठेरो अवस्थामा दुवैले 'हेडलाइट ब्लिंक' गरेर अघि बढ्न खोज्छन्, जसले दुर्घटना निम्त्याउँछ । संसारमा कहीँ पनि ब्लिंक गर्नुको अर्थ 'मलाई जान देऊ' भन्ने हुँदैन, बरु 'तिमी जाऊ मैले छोडेँ' भन्ने अर्थ लाग्छ । सहरी क्षेत्रमा लेन छुट्ट्याउने सिधा लाइन वा डटेड लाइनको प्रयोगमा कसैले अनुशासन पालना गरेको देखिँदैन । सडकमा सिधा गइरहेको, मूल बाटोमा रहेको साधनलाई पहिले जान दिनुपर्छ भन्ने ज्ञान छैन, जसले अघि बढाउन सक्यो उसैले जान पाउनुपर्छ भन्ने जबरजस्तीले पनि धेरै दुर्घटना निम्त्याउँछ ।

सहरी क्षेत्रमा मात्र होइन, राजमार्गमा पनि सडक खराब हुँदा धेरै दुर्घटना भएका छन् । सहरी क्षेत्रमा बाटो खराब भएका कारणले धेरै सवारीसाधन आपसमा ठोक्किने, मानिसलाई धक्का दिनेजस्ता घटना निरन्तर भई नै रहेका छन् । राजमार्गमा बाटो बिग्रेको संकेत नराख्दा द्रुत गतिमा कुदेको सवारीसाधन एउटा सानो खाल्डोमा परे पनि ठूलो दुर्घटना हुनसक्छ । यसमा चालक र सडकमा नियम लागु गर्ने सरकारी निकायले यथोचित ध्यान नदिएको बुझिन्छ ।

सडक ज्ञानको कमीले गर्दा दुर्घटना बढिरहेका छन्, कतिपयले ज्यान गुमाएका छन् भने धेरै मानिस अंगभंग भएका छन् । त्यसैले सहजै भन्न सकिन्छ कि राज्यले सडक दुर्घटनामा कमी ल्याउन चालेका कदम प्रभावकारी भएनन् । यिनलाई प्रभावकारी बनाउने भनेको सवारीचालकलाई ट्राफिक नियमको जानकारी दिने, संयमित ढंगले सवारी चलाउने ज्ञान दिने र सडकको अवस्था ठिक राख्ने नै हो ।

सडक दुर्घटनामा मृत्यु हुनेमा ६८ प्रतिशत दुईपांग्रे सवारीसाधनमा चढ्नेहरू नै हुने देखिएको छ भने कुल दुर्घटनामा सहभागी सवारीसाधनमध्ये ८० प्रतिशत दुईपांग्रे नै देखिएका छन् । यसैबीच, करिब एक लाख सवारीचालक अनुमतिपत्र नक्कली बनाएर वितरण गरेको समाचारले दुर्घटना अझ बढेर जाने संकेत गर्छ । समयमै यस्ता विषयमा ध्यान दिएर निर्दोष नागरिकको ज्यान जोगाऔँ ।






# देशलाई विश्वास नगर्नेको संख्या बढ्दै, चार वर्षमा डेढ लाख नेपालीले नागरिकता त्यागेर गए विदेश

## 'सरकारको बेथितिविरुद्ध बोल्नेहरू खाडी र युरोप पुगे'

**अतिन आचार्य**

काठमाडौँ, २९पुस । चार वर्षमा स्थायी रुपमा एक लाख ४७ हजार नेपालीले देश छाडेका छन् । सन् २०२० मा ५ हजार १४४ जना नेपालीले स्थायी बसोबासका लागि देश छाडेका थिए । सन् २०२१ मा एक हजार ५४१, सन् २०२२ मा ६९ हजार ३५१ र सन् २०२३ मा ७० हजार ९१५ नेपालीले स्थायी रुपमा देश छाडेका छन् । अध्यागमन विभागका अनुसार चार वर्षमा १ लाख ४६ हजार ९५१ जना नेपाली स्थायी बसोबास गर्न विभिन्न मुलुक गएका छन् । स्थायी बसोबासका लागि अमेरिका, बेलायत, जापान, क्यानडा, अष्ट्रेलिया र युरोपलगायतका धेरै मुलुकमा नेपालीहरू जाने गरेका छन् । वर्षेनी स्थायी रुपमा देश छोड्नेको संख्या बढ्दै गएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनले नेपालीहरू किन देश छाड्न आतुर छन् भनेर अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो । राजनीतिक अस्थिरता, राम्रो जीवनशैली तथा बस्ने वातावरण, काम गर्ने वातावरण, सहज रुपमा काम पाउने, राम्रो तलब, स्थायी बसोबासको कार्ड पाउन सहज, परिवार–आफन्त विदेशमा, विदेशमा रहेका साथी र चिनजानहरू कारण रहेको प्रतिवेदनमा उल्लेख छ ।

आफ्नो मुलुक छोडेर कोही किन सधैंका लागि विदेश बस्न चाहन्छन् ? यो अहिले सार्वजनिक रुपमा बहसको विषय बन्न थालेको छ । किन मानिस आफू जन्मेको थातथलो त्यागेर परदेश जान चाहन्छन् ? यहाँ बस्न नदिन के कुराले प्रेरित गरिरहेको छ ? सरकार वा यहाँको राजनीतिक प्रणाली खराब छ ?

**आर्थिक, सामाजिक र राजनीतिक रुपले राम्रो नभएको संकेत**

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष गोविन्द पोखरेलले नागरिकको सुखी, खुसी र शान्ति जीवन बिताउने चाहनाले पनि मानिसहरू विदेश जाने क्रम बढिरहेको बताए । विदेश जानेले नेपालमा कुनै पनि समयमा स्वास्थ्य उपचार नपाउने , गुणस्तरीय शिक्षा, सामाजिक सुरक्षा र रोजगारीको सम्भावना नदेखेकाले स्थायी रुपमा देश छाड्न थालेको उनको भनाइ छ । 'नेपालको अवस्था राम्रो छैन । आर्थिक, सामाजिक र राजनीतिक रुपले नेपाल राम्रो छैन भन्ने संकेत गरिरहेको छ,' उनले भने,' विभिन्न बाटो अपनाएर भए पनि मानिसहरूले देश छोड्ने खोजिरहेका छन् । युवा पुस्ताले नेपालमा उज्यालो आकाश देख्न छाडिसकेका छन् ।'

युवाहरूमा अमेरिका, अष्ट्रेलिया र क्यानडा गएमा जीवन राम्रो हुन्छ र नेपाल बस्दा निश्चितता नभएको हुनसक्ने पोखरेलले बताए । राजनीतिले अवस्था र सुधार्ने पर्ने थियो तर भएका सबै संरचना र नीति बिगार्दै लगेको उनले दुःखेसो व्यक्त गरे । त्यसको प्रभाव देश छोड्नेमा प्रत्यक्ष रुपमा देखिइरहेको उनले बताए । राजनीतिले युवाको आकांक्षा पुरा गर्न नसकेको पोखरेलको ठहर छ । तुलनात्मक हिसाबले अन्य राष्ट्रको दाँजोमा युवाप्रति आशा–भरोसा जोगाउन नसकेको उनले सुनाए । सामाजिक रुपमा उच्च, दक्ष र सिर्जनशील मानिसहरूलाई नेपालमा राख्न नसकिएको उनले धारणा व्यक्त गरे ।

'प्रतिष्पर्धा गर्न सक्ने युवा तथा दक्ष जनशक्ति अर्को देशमा अवसर खोज्दै गइरहेका छन्,' पोखरेलले अगाडि थपे,' आफ्नो ज्ञान र क्षमतालाई प्रस्फुटन गरी आफ्नो जीवनलाई सबल बनाउन खोज्नेहरूले देश छोडेका छन् । प्रगति गर्न सक्छु भन्ने मानिसहरूले देश छोडेका छन् ।' दक्ष जनशक्तिले देश छोड्दा नेपालमा भएका स्रोत–साधनहरू प्रयोगमा नआउने उनले बताए । राज्य र राजनीतिक दलले गरेका गलत कामको विरोध गरिदिने मानिसहरूसमेत नहुने उनले बताए । 'दल र सरकारको वेथितिविरुद्ध आवाज बुलन्द गर्न सडकमा युवाहरू देखिँदैन,' उनी भन्छन्,' दलमा झन मनमौजीको भावना फैलिएर जान्छ । विदेश गएका मानिसहरू प्रति उनीहरूलाई सोच्न कुनै फुर्सद छैन ।'

सरकारलाई सडकबाट खबरदारी गर्नेहरू मलेसिया र गल्फ राष्ट्र गइरहेको पोखरेलले बताए । कुसंस्कार राजनीतिबाट हुर्कन नचाहने युवाशक्तिलाई झनै राम्रो भएको उनको भनाइ छ । विदेशमा पलायन भएका नेपालीको संख्या बढ्दा नेपालीको डायस्पोरा संख्या बढ्ने पोखरेलले बताए । विश्व राजनीतिमा नेपालीको प्रत्यक्ष सहभागिता बढाइ राष्ट्रको लागि नीति निर्माण तथा आर्थिक क्षेत्रमा प्रगति गर्न सहज हुने उनको भनाइ छ ।

**देशमा सुरक्षित महसुस गर्न सकेनन्**

राज्यले आम नागरिकलाई नेपालमा बसेर समृद्ध जीवन बिताउन सकिने कुरामा विश्वास दिलाउन नसक्दा देश छोड्नेको संख्या बढिरहेको राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य गणेश कार्की बताउँछन् । राज्यले नागरिकलाई सुरक्षित र वृत्ति विकासमा सहयोग पुर्याउन सकिन्छ भन्ने कुरामा आश्वस्त बनाउन नसक्दा स्थायी रुपमा देश छोड्नेको संख्या बढेको हुन सक्ने उनले बताए । 'क्षमतावान नागरिकहरू समृद्ध जीवन खोज्दै, उज्वल भविष्य र अवसरको खोजीमा विदेश गएका छन्,'कार्कीले भने,' स्थायी रुपमा विदेश जानुले नेपालमा मानिसहरू सुरक्षित छैनन् र सामाजिक संरचना अप्ठ्यारो अवस्थामा रहेको बुझ्न सकिन्छ ।'

मानिसलाई नेपालमा केही हुन्छ भनेर बसाउन सक्नु ठूलो चुनौती रहेको कार्कीले बताए । कानुनी दण्डहीनताले प्रश्रय पाएकाले मानिसमा निराशा छाएको बुझ्न सकिने उनको भनाइ । कानुनको नजरमा ठूला मानिसहरू जोगिने र साना मानिसहरू बन्धनमा पर्ने अवस्थाले नैराश्यता छाएको मान्न सकिने उनले बताए । कानुन राज्यमा कानुनले असुरक्षित बनाउँदै लगेको उनको भनाइ छ । 'सरकारी कामकाज एकदमै सुस्त छ । चिनजान नभएमा सरकारी कार्यालयमा काम हुन गाह्रो छ,' उनी नेपालको बेथिति औंल्याउँदै भन्छन्,' स्वास्थ्य र शिक्षा राम्रो छैन । आधारभूत कुराहरू मात्र राम्रो भएमा आशा जगाउन सकिन्थ्यो ।'

कानुनी राजको पालना गराउन सकेमा नागरिकमा आशा जगाउन सकिने उनले धारणा व्यक्त गरे । मुलुक भ्रष्टाचारले व्याप्त रहेकाले पनि नागरिकमा निराशा र मुलुकमा केही हुँदैन भन्ने धारणा विकास भएको उनले बताए । भ्रष्टाचार न्यूनीकरण गर्न सकेमा नागरिकले स्वदेशप्रति आशा जोगाउन सक्ने उनले बताए ।

**राजनीतिक दल र सरकार निकम्मा बन्दै**

नेकपा एमालेका नेता अरुण नेपाल नेपालीले आफ्नो भविष्यप्रति विश्वास गर्न छाडेकाले देश छाड्नेको संख्या बढेको बताउँछन् । यो देशमा केही हुन सक्ला र यहाँ के छ र ? भन्ने धारणा हरेक नेपालीले बोक्न थालेकाले स्थायी रुपमा देश छोड्नेको संख्या बढेको उनले बताए । आर्थिक रुपमा प्रगति गर्न नसक्नु र मुलुकमा बेरोजगारीको संख्या बढिरहेको छ,' उनले भने,' भविष्यप्रतिको आशावाद कमजोर हुँदै गएको छ । हाम्रो भूमि र जल तथा जमिनलाई प्रयोग गर्नुपर्छ भन्ने देशभक्तिको भावना कमजोर हुँदै गएको मान्न सकिन्छ ।'

स्वदेशमा लगानी गर्न सक्ने र क्षमता भएका मानिसहरूले समेत देश छोडेर गएको नेपालले बताए । समाज र संस्कृतिप्रति नेपालीको लगाव घट्दा विदेश पलायन हुनेको संख्या बढेको उनको भनाइ छ । राजनीतिक दल र सरकारले आफ्नो जिम्मेवार नठान्दा वर्षेनी मुलुक छोड्नेको संख्या बढेको नेपालको भनाइ छ । 'नागरिकलाई आशावादी बनाउने काम सरकारको हुन्छ तर, सरकारले आशावादी भन्दा पनि बढी निराशावादी बनाएको छ,' उनी भन्छन,' यसमा सबैभन्दा बढी जिम्मेवार सरकार र राजनीतिक दल हुनुपर्छ ।' इकागजबाट

# निजी लगानीका विद्यालयप्रति विद्यार्थी संगठनहरू आक्रामक

काठमाडौँ, २९ पुस । 'विद्यालय शिक्षा विधेयक २०८०' मा विद्यार्थी संगठनहरूले आफ्नो सुझाव राखेका छन् । नेविसंघ, अनेरास्ववियु, अखिल क्रान्तिकारी, अनेरास्ववियू लगायतका विद्यार्थी संगठनले विधेयकमाथि आइतबार आफ्नो धारणा राखेका हुन् । नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क भनेकाले त्यही आधारमा शिक्षा प्रदान गर्नुपर्ने उनीहरुको भनाइ छ । नेपाल विद्यार्थी संघ (नेविसंघ) का अध्यक्ष दुजाङ शेर्पाले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनुपर्ने बताए । 'नेपालको संविधानले माध्यमिक तहसम्म पूर्ण रूपमा निःशुल्क भनेको छ । यस विषयमा सर्वोच्च अदालतले पनि ब्याख्या गरेको छ,' उनले भने, 'यसलाई हुबहु कायम गर्नका लागि म हार्दिक अनुरोध गर्दछु ।'

त्यस्तै शिक्षण पेसाप्रतिको आकर्षण घट्दो क्रममा रहेको भन्दै त्यसलाई लोक सेवा समान हैसियतको बनाउनुपर्नेमा अध्यक्ष शेर्पाको जोड छ । 'उपत्यका बाहिर म्याथ, साइन्सको टिचर पाउन गाह्रो छ । शिक्षण पेसाप्रतिको आकर्षण घटिरहेको छ । शिक्षण पेसाप्रतिको आकर्षणलाई कसरी बढाउने र यसलाई कसरी सम्मानित बनाउने भन्ने विषयमा साझा संकल्पका साथ अघि बढ्नुपर्छ,' उनले भने, 'शिक्षकको सेवा सुविधाको कुरामा लोक सेवा सरह मान्यता दिनुपर्छ भन्नेमा नेपाल विद्यार्थी संगठनको स्पष्ट धारणा छ ।'

**शिक्षकसँग गरेको सम्झौताको विरुद्धमा नेविसंघः**

शिक्षा मन्त्रालयले अस्थायी, करार तथा राहत शिक्षकहरूसँग गरेको सम्झौताको विरुद्धमा नेविसंघ उभिएको छ । नेविसंघले शिक्षकको नियुक्ति खुला प्रतिस्पर्धाबाट मात्रै हुनुपर्ने विकल्प अघि सारेको हो । 'अस्ति भर्खर शिक्षा मन्त्रालयले करार, राहत शिक्षकहरूसँग गरेको सम्झौता नेपाल विद्यार्थी संगठनका लागि कुनै पनि हालतमा मान्य हुँदैन । अब नियुक्ति हुने सबै शिक्षक खुला प्रतिस्पर्धामार्फत नै नियुक्ति हुनुपर्छ भन्ने हो,' अध्यक्ष शेर्पाले भने । सार्वजनिक पद धारण गरेका व्यक्तिका छोराछोरी अनिवार्य रूपमा सार्वजनिक विद्यालयमा पढ्नुपर्ने व्यवस्था गर्नुपर्ने उनले बताए । 'नगर प्रमुख, शिक्षक, मुख्यमन्त्री, प्रधानमन्त्री सबैको छोराछोरी सार्वजनिक विद्यालयमा पढाउन जोड दिनुपर्छ', अध्यक्ष शेर्पाले भने, 'पुँजीवादी देशहरुले पनि शिक्षा निःशुल्क गरेका छन् । हामी समाजवाद उन्मुख देशले माध्यमिक तहसम्म निःशुल्क गर्न लाग्नुपर्छ ।'

नेविसंघले प्रधानाध्यापकको नियुक्ति, विद्यालय व्यवस्थापन समितिको अध्यक्षको नियुक्ति लगायतका विषयमा समेत समितिलाई सुझाव पेस गरेको थियो । अब खुल्ने विद्यालयको राष्ट्रिय मापदण्ड तय हुनुपर्ने, विद्यालयमा अतिरिक्त

–बाँकी तीन पेजमा

## निजी लगानीका...

क्रियाकलापका लागि छुट्टै शिक्षकको दरबन्दी हुनुपर्ने लगायतका विषयमा समेत नेविसंघले सुझाव पेस गरेको हो।

**निजी लगानी बन्द गर्नुपर्छ : अनेरास्ववियु**

अनेरास्ववियुले शिक्षामा निजी लगानी बन्द गरिनुपर्ने धारणा राखेको छ। अनेरास्ववियु अध्यक्ष समिक बडालले निजी लगानीको विद्यालय शैक्षिक गुठीमा जानुपर्ने भनिएको विषयमा आपत्ति जनाए। विधेयकको दफा ४ मा निजी लगानीका विद्यालयको स्थापना र सञ्चालनका सम्बन्धमा आफ्नो सुझाव राख्दै अध्यक्ष बडालले विद्यालय शिक्षामा सरकारी लगानी र परोपकारी सामाजिक संघ संस्थाहरूको लगानी बाहेक निजी लगानी बन्द गर्नुपर्ने बताएका हुन्। ऐन प्रारम्भ भएमा प्रचलित कम्पनी कानुन बमोजिम स्थापना भइ सञ्चालनमा रहेका संस्थागत विद्यालयलाई निश्चित अवधिपछि शैक्षिक गुठीमा जान सकिने व्यवस्था विधेयकमा गरिएको छ। तर, अनेरास्ववियुका अध्यक्ष बडालले निजी शिक्षण संस्थाहरूलाई निश्चित अवधि तोकेर (५ देखि ७ वर्ष) अनिवार्य रूपमा सार्वजनिक शैक्षिक गुठीमा रूपान्तरण हुनुपर्ने बाध्यात्मक प्रावधान राख्नुपर्ने बताए।

प्रहरी, सेना, शिक्षक र राष्ट्रसेवकका छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउनुपर्ने व्यवस्था गर्नुपर्नेमा अनेरास्ववियुले समेत जोड दिएको छ। 'नीति निर्माणमा हुनेले सार्वजनिक विद्यालयमा पढाउन रुचि नदेखाउने भएकाले ऐनमै यो व्यवस्था राख्नुपर्छ,' अध्यक्ष बडालले भने। त्यस्तै शिक्षण भाषाको माध्यममा मूल विषयमध्ये गणित, विज्ञान र कम्प्युटर विषय अंग्रेजी वा नेपाली भाषामा अध्ययन गराउनुपर्ने व्यवस्था गर्न अनेरास्ववियुको माग छ। विधेयकमा यी विषयहरू अंग्रेजी भाषामा मात्र अध्यापन गराउनुपर्ने व्यवस्था थियो। गणित, विज्ञान र कम्प्युटर विषयलाई अंग्रेजीमै मात्र पढाउनुपर्ने व्यवस्था उपयुक्त नहुने र नेपाली पढ्न चाहनेलाई बन्देज लगाउन नहुने अनेरास्ववियुको तर्क छ।

अनेरास्ववियुले विधेयकका विभिन्न ५३ वटा दफामा संशोधनका लागि सुझाव दिएको छ। त्यस्तै विद्यालय शिक्षा विधेयकमा विभिन्न १७ वटा विषय अनिवार्य रूपमा समावेश गर्न समेत अनेरास्ववियुले माग गरेको छ।

**दुई खाले शिक्षा अन्य गर्नुपर्छ : अखिल क्रान्तिकारी**

अखिल क्रान्तिकारीका अध्यक्ष पञ्चा सिंहले समेत सार्वजनिक विद्यालयमा राष्ट्रसेवक र कर्मचारीका छोराछोरीलाई पढाउने व्यवस्था गर्नुपर्नेमा जोड दिइन्। निजी लगानी र सार्वजनिक गरी दुई खाले शिक्षाको व्यवस्था गर्न नहुने उनले बताइन्। 'निजीलाई प्रोत्साहन गर्न खोजिएको छ। धेरै पैसा, धेरै शिक्षा। कम पैसा, कम शिक्षा र छैन पैसा, छैन शिक्षा भन्ने ढंगले विधेयक ल्याइएको छ। मुट्ठीभर माफियाका लागि निःशुल्क शिक्षाको दायित्वबाट पन्छन पाइन्नँ,' अध्यक्ष सिंहले भनिन्। शिक्षकहरुले स्थानीय तहको मातहत नबस्ने भन्दै राखेको मागमा सरकारले सम्झौता गरेकोमा उनले असन्तुष्टि जनाइन्। 'शिक्षकहरूले स्थानीय तहको मातहत बस्दैनौं भनेर आन्दोलन गरेका छन्। संविधान विपरीत स्वेच्छाचारी ढंगले हामी कहाँ बस्छौं, कहाँ बस्दैनौं भन्न मिल्दैन,' उनले भनिन्।

राष्ट्रिय पाठ्यक्रम परिषद्मा निजी विद्यालयका सञ्चालकलाई राख्ने कुरा उचित नभएको उनले बताइन्। खुला प्रतिस्पर्धाबाट शिक्षक नियुक्ति गर्नुपर्ने अखिल क्रान्तिकारीको माग छ। शत प्रतिशत शिक्षक खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्नुपर्ने अध्यक्ष सिंहले बताइन्। शिक्षामा २० प्रतिशत लगानी अनिवार्य गर्नुपर्नेमा उनको जोड थियो।

**विद्यार्थी आन्दोलनमा सहिद भएकाबारे पढाउनुपर्ने : अनेरास्ववियू**

नेकपा एकीकृत समाजवादी निकट विद्यार्थी संगठन अनेरास्ववियूकी अध्यक्ष आरती लामाले विद्यार्थी आन्दोलनमा सहिद भएकाहरूको बारेमा पनि पढाइनुपर्ने बताएकी छन्। विद्यार्थी आन्दोलनबाटै प्राप्त भएको गणतन्त्रदेखि प्रजातन्त्रसम्म विद्यार्थीहरूलाई ज्ञान दिनुपर्नेमा जोड दिइन्। शिक्षालाई उत्पादनसँग जोड्ने विषयमा ध्यान दिनुपर्ने उनको भनाइ छ। 'शिक्षा क्षेत्रमा आवश्यक जनशक्तिको अनुमान गर्न सकिरहेका छैनौं,' अध्यक्ष लामाले भनिन्, 'शिक्षालाई उत्पादनसँग कसरी जोड्ने, त्यसमा ध्यान दिन आवश्यक छ। हाम्रो शिक्षा घोकन्ते मात्रै छ। हाम्रो माटोसँग मेल खाने, हाम्रो मौलिकतासँग मेल खाने शिक्षा भएन। केवल सर्टिफिकेट दिने शिक्षामात्रै देखिन्छ।'

बालबालिकालाई मेन्टल हेल्थको बारेमा समेत ज्ञान दिनुपर्ने भन्दै गर्न हुने र गर्न नहुने विषयबारे पनि बालबालिकालाई विद्यालय तहमै शिक्षा दिनुपर्ने उनले बताइन्। सरकारी विद्यालयमा समेत अंग्रेजीको नाममा शुल्क लिने काम भइरहेको भन्दै यसलाई अन्त्य गर्नुपर्ने अध्यक्ष लामाले बताइन्। जनता समाजवादी पार्टी (जसपा) को भ्रातृ संगठन समाजवादी विद्यार्थी युनियनका अध्यक्ष रमेश यादवले पनि नेपाल सरकारबाट पारिश्रमिक लिने गरेका कर्मचारीका छोराछोरीलाई सरकारी विद्यालयमै पढाउनुपर्ने व्यवस्था गरिनुपर्नेमा जोड दिए। 'सरकारी कर्मचारीहरुलाई नै विश्वास छैन कि क्या हो, सरकारी विद्यालयमा पढाइ हुन्छ भन्ने ?' उनले भने, 'मन्त्रीका छोराछोरीहरुको नाम सरकारीमा लेखाउनुहोस्। तलबभत्ता सरकारको खाने तर शिक्षककै छोराछोरी सरकारीमा पढ्दैनन्। अरुलाई कसरी विश्वास हुन्छ ?'

## हुस्सु–कुहिरोले...

चिसोका कारण अस्पतालमा श्वासप्रश्वाससम्बन्धी बिरामी बढ्न थालेका छन। भेरी अस्पतालमा श्वासप्रश्वास, रुघाखोकी र निमोनियाका बिरामी बढेको सूचना अधिकारीसमेत रहेका ग्यास्ट्रोलोजिस्ट फिजिसियन डा. संकेत रिसालले जानकारी दिए। 'चिसो बढेपछि एक सातायता बिरामी बढेका छन्,' उनले भने।

**दाउरा बाँड्न थालियो, आगो ताप्ने व्यवस्था**

चिसो बढेर नागरिकको जनजीवन प्रभावित हुन थालेपछि वन कार्यालयले दाउरा वितरण गर्न थालेका छन। डिभिजन वन कार्यालय धनगढीले धनगढीका विभिन्न ठाउँमा आगो बाल्ने व्यवस्थाका लागि दाउरा वितरण गरेको हो। भूमिहीन, सुकुम्बासीलाई प्राथमिकतामा राखेर सार्वजनिक स्थलमा आगो बाल्ने व्यवस्थाका लागि प्रदेशका १० वटै डिभिजन वन कार्यालयलाई दाउरा वितरण गर्न निर्देशन दिइएको प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रमेशसिंह धामीले बताए।

त्यसैगरी, चिसोबाट जोगाउन नेपालगन्ज उपमहानगरपालिकाले नगरमा आगो ताप्ने व्यवस्था मिलाएको छ। सर्वसाधारणको अत्यधिक चाप हुने नेपालगन्जका विभिन्न चोक र सडकमा आगो ताप्ने व्यवस्था मिलाइएको मेयर प्रशान्त विष्टले बताए। उनले आगो ताप्नका लागि उपमहानगरले दाउरा वितरण गरिएको जानकारी दिए। लहान नगरपालिकाले २४ वटै वडाका विपन्न बस्तीमा दाउरा बाँड्ने तयारी गरेको छ। लहान–१४ का वडाध्यक्ष धनिकलाल यादवले बस्तीपुरको मुसहर बस्तीसहित वडा क्षेत्रका अन्य गरिब, दलित बस्तीमा बाँड्ने तयारी रहेको बताए।

**उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपातको सम्भावना**

उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपातको सम्भावना छ। मौसम पूर्वानुमान महाशाखाका मौसमविद् मीनकुमार अर्यालका अनुसार पश्चिमी पूर्व भेगका उच्च पहाडी र हिमाली क्षेत्रमा बादल बहन सुरु गरेकाले केही दिन हिमापात हुन सक्छ। त्यसबाहेक पश्चिमबाट पश्चिमी वायुको प्रभाव पनि बढिरहेको छ।

'दुवै सिस्टम मर्ज हुँदा धेरै क्षेत्रमा हिमापात हुन सक्छ,' उनले भने, 'सिस्टम मर्ज नहुँदै कोशी र गण्डकीका उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपात हुने देखिन्छ।' हालको अवस्थमा पश्चिम नेपालमा वर्षा हुन सक्ने देखिए पनि कति क्षेत्रमा र कति ठूलो वर्षा हुन सक्छ भनेर यकिन भइसकेको छैन। आधा हिउँद घर्किसक्दा पनि यसपटक हिउँदे वर्षा भएको छैन।

## करोडौं लागतमा...

गरिएको हो।

संघीय सरकारको १९ करोड७५ लाख लगानीमा भवन निर्माणको लागि कटहरिया नगरपालिकाले आह्वान गरेको टेन्डर घटाघट प्रक्रिया मार्फत महालक्ष्मी धनञ्जय चौधरी जेविले ११ करोडमा साकार गरेको थियो। प्राथमिक स्वास्थ्य केन्द्र कटहरियाको हाता भित्र १५ सैंयाको भवन निर्माण अवधि २ वर्ष रहेको छ। ठेकदार चौधरी निर्माण सेवाका निर्देशक उपेन्द्र प्रसाद चौधरीले रोलरनै नाचलाई जगमुनी ढलान गर्न सुरु गरेपछि पूर्व मेयर कुशवाहाले शनिवार साँझ निर्माण काम रोकेका छन्।

झन्डै २० करोडको भवनको जग नै बलियो भएन भने लगानीको औचित्य नहुने भएकाले निर्माण रोक्का गरिएको कुशवाहाले जानकारी दिएका छन्। निर्माण स्थलमा हुडिङ बोर्ड समेत न राखिएकाले स्टीमेट बारे ठेकदारले जानी जानी अन्योल बनाएको पूर्व मेयर कुशवाहाको दाबी छ। निर्माणको ठेक्का लिएका कम्पनीले स्टीमेट सहित आएपछि कटहरिया नगरपालिकाको ईन्जिनियरले निर्माण बारे स्पष्ट पारेपछि मात्र काम सुरु हुने पूर्व मेयर कुशवाहाले जिकिर गरेका छन्। करोडौंको भवन निर्माणमा ठेकदारले पुरानो कवाडी रड प्रयोग गरिरहेको पाइएको छ। भवन निर्माण हुने स्थानमा ठुलो खाडल बनाएर तीनबर्ष सम्पर्क विहीन रहेका ठेकदार उपेन्द्र चौधरी बल्लतल्ल निर्माण काम सुरु गरेका छन्।

यसैबीच कटहरियाका बर्तमान मेयर अजयप्रकाश जैसवालले आफ्नो लामो प्रयासबाट अस्पताल भवनको निर्माण सुरु भएको बताएका छन्। सुरुमा अस्पताल भवन निर्माणको लागि मन्त्रालय बाट टेण्डरको प्रक्रियाको थालनी भएको थियो। निर्माणको लागि रकम निकासा नहुँदा कुनै प्रक्रिया अगाडि बढेको थिएन। हाल आफू मन्त्रालयमा लगातार दौडेर रकम निकासा, टेन्डर स्वीकृत गराएपछि मात्र अस्पताल भवन निर्माणको काम सुरु भएको मेयर जैसवालले दाबी गरेका छन्।

# बालुवा र माटो चोर्नेलाई कारबाही नगर्न सेजको पत्राचार



**शारदा पोखरेल**

बारा, २९ पुस। आफ्नो जग्गाबाट माटो र बालुवा चोर्नेलाई कारबाही नगर्न विशेष आर्थिक क्षेत्र प्राधिकरण सिमरा सेजले प्रहरीलाई पत्राचार गरेको छ। सेजको सार्वजनिक जग्गाबाट माटो र बालुवा चोरीमा संलग्न सवारी साधनलाई प्रहरीले नियन्त्रणमा लिएपछि कारबाही नगर्न सेजले प्रहरीलाई पत्र पठाएको हो। 'सिमरा सेजको 'बि ब्लक' मा उत्खनन गर्दै गर्दा एक्स्काभेटर र ट्याक्टरको सम्बन्धमा उत्खनन गरेको खाल्टो जीतपुर सिमरा उपमहानगर वडा नं १४ का वडाध्यक्ष चयन गुरुङको रोहबरमा उत्खनन गरेको सम्पूर्ण खाल्टो पुर्ने भनी इलाका प्रहरी कार्यालय सिमरामा लिखित गरिने छ' सेजले पठाएको पत्रमा उल्लेख छ 'सोही लिखित सहमतिको आधारमा हाललाई नियन्त्रणमा लिएको सवारी साधन व्यक्तिलाई उपलब्ध गराई सहयोग गरिदिनु हुन सिफारिस साथ अनुरोध छ'।

पुस १९ गते सिमरा सेजको बि ब्लकमा माटो र बालुवा चोरिरहेको अवस्थामा राती २ बजे सिमरा प्रहरीले उत्खनन स्थलबाटै एक्स्काभेटर र ट्याक्टरलाई नियन्त्रणमा लिएको थियो। सवारी साधन नियन्त्रणमा लिने क्रममा चालक भने भागेका छन्। प्रहरीले ना १ क ६६४७ को एक्स्काभेटर र ना ७ त ५४०७ नं को ट्याक्टर नियन्त्रणमा लिएको छ। सेजका इन्जिनियर आनन्द भट्टले प्रहरीसँगको कुराकानीमा सेजको बि ब्लकबाट ६ सय टिप भन्दा धेरै बालुवा र माटो चोरी भएको,उत्खनन स्थलमा ठुला ठुला खाल्टाखुल्टी बनाएको र ३६ लाख भन्दा धेरैको राजस्व हिनामिना भएको जनाएका थिए।

चोरी भएको माटो र बालुवा खोला छेउमा बालुवा प्रशोधन उद्योग सञ्चालकले लगेको प्रहरीले जनाएको छ। सेजले चोरलाई कारबाही नगर्नु भनेर प्रहरीलाई दबाब दिनुले सेजका कर्मचारी र जनप्रतिनिधिका भूमिका शंकास्पद देखिएको छ। जीतपुर सिमरा उपमहानगर वडा नं१४ की वडाध्यक्ष चयन गुरुङले खाल्टो पुर्ने सहमतिमा एक्स्काभेटर र ट्याक्टर छोड्न सहमति भएको बताइन्। 'चोरलाई एक न एक दिन छोड्नै पर्छ, फेरि माटो, बालुवा धेरैले चोरेका छन्, प्रहरीले त एउटा एक्स्काभेटर र ट्याक्टर मात्रै नियन्त्रणमा लिएको हो' वडाध्यक्ष गुरुङले भनिन् 'खाल्टो पुर्ने सहमतिमा गाडी छोड्ने सहमति भएको हो'। पुस २५ गते इप्रका सिमरालाई पठाएको पत्रमा सेजका इन्जिनियर पप्पु गिरीले हस्ताक्षर गरेका छन्। सो पत्रको बोधार्थ विशेष आर्थिक क्षेत्र प्राधिकरण त्रिपुरेश्वर काठमाडौंलाई मात्रै गरिएको छ।

जीतपुर सिमरा उपमहानगरले भने पत्रको बोधार्थ स्थानीय तहलाई नदिनुले चोरीमा सेजका कर्मचारीको मिलेमतो रहेको जनाएको छ। यता विशेष आर्थिक क्षेत्र प्राधिकरणका सेजका कार्यकारी प्रमुख डा. चण्डिका भट्टले भने सेजबाट माटो, बालुवा चोर्नेलाई क्षति भराउने र कानुन अनुसार कारबाही गर्न आफूले निर्देशन दिएको दाबी गरेका छन्। 'सेजकै जग्गाबाट माटो चोर्नु यो त अति नै भयो, क–कसको मिलेमतोमा चोरी भएको हो सबै अनुसन्धान गरेर कारवाहीका लागि प्रहरीलाई पत्र पठाउन मैले सिमरा सेजलाई निर्देशन दिइसकेको छु' भट्टले भने।

यसअघि पनि जीतपुर सिमरा वडा नं ११ को सार्वजनिक जग्गाबाट हजार टिप भन्दा धेरै माटो चोरी भएको थियो। व्यक्तिको भोग चलनको जग्गाबाट सिफारिस बनाएर सार्वजनिक जग्गाबाट ५० औं लाखको राजस्व हिनामिना हुने गरी माटो चोरी भएको घटनामा चौतर्फी दबाब आएपछि उपप्रमुख भोला प्रसाद अधिकारीको संयोजकत्वमा छानबिन समिति गठन भयो। तर माटो चोरीमा माओवादी र एमाले वडाध्यक्षहरू नै संलग्न भएको भेटिएपछि उपप्रमुख अधिकारीले छानबिन समितिको प्रतिवेदन आजसम्म सार्वजनिक गर्न सकेका छैनन्। जीतपुर सिमरा उपमहानगरले माटोमा प्रति घनफिट २ रुपैयाँ कर लगाएपछि माटो चोरीका घटना एकपछि अर्को सार्वजनिक भएका हुन्।

# आलमविरुद्धको मुद्दाको पेसी तोकिएन

काठमाडौं, २९ पुस। आइतबार तोकिने भनिएको नेपाली कांग्रेसका नेता मोहम्मद अफताब आलमविरुद्धको मुद्दाको पेसी तोकिएन। जिल्ला अदालत रौतहटका धेरैजसो न्यायाधीशहरु बिदामा रहेका कारण आलमविरुद्धको मुद्दाको पेसी आइतबार नतोकिएको जिल्ला अदालतले जनाएको छ। सात न्यायाधीहरुमध्ये आइतबार दुई जना न्यायाधीशहरु मात्रै अदालतमा उपस्थित भएकाले आलमविरुद्ध मुद्दाको पेसी स्थगन गर्नुपरेको जिल्ला अदालतको भनाइ छ।

अदालतमा ७ न्यायाधीशको दरबन्दी भए पनि केही बढुवा र सरुवा र केही बिदा बसेकाले २ जनामात्र उपस्थित हुँदा सुनुवाइ हुन नसकेको बताइएको छ। तर स्रोतका अनुसार मुद्दामा फैसला गर्न जोखिम देखिएकाले अन्य न्यायाधीश बिदामा बसेका बुझिएको छ। सरकारी वकिल र आलमका वकिलबाट बहस नोट प्राप्त भइसकेकाले रौतहट जिल्ला अदालतले मुद्दामा अन्तिम सुनुवाइका लागि आज पेसी तोकेको थियो।

गत कात्तिक २२ गते अदालतले सरकारी वकिल र आलमका वकिललाई १५ दिनभित्र बहस नोट पेश गर्न आदेश दिएको थियो। त्यसपछि २४ मंसिरभित्रै वादी नेपाल सरकार र प्रतिवादी तर्फका कानुन व्यवसायीले बहस नोट बुझाएका थिए।

*छोरीलाई विभेद नगरौं, समाजलाई कमजोर नपारौं*

# मधेसमा तमसुक दर्ता गराउन साहूको लस्कर– वडाद्वारा खुलेआम तीन गुणाबढीका कारोबार स्वीकार

## वडाध्यक्ष भन्छन्, ऋणी नै नआएपछि हामीले के गर्ने ?

**सन्तोष यादव**



जनकपुरधाम, २९ पुस। अहिले मधेस प्रदेशका स्थानीय तहमा लेनदेनका तमसुक र लिखत दर्ता गर्न वडाध्यक्ष र कर्मचारीलाई भ्याइनभ्याइ छ। साहु र ऋणीले वडा कार्यालय भरिभराउ छन्। सरकारले मिटरब्याज पीडितको समस्या सम्बोधन गर्न मुलुकी संहितासम्बन्धी केही ऐनलाई संशोधन गरेको थियो। मुलुकी देवानी संहिता ऐनको दफा ३६ को उपदफा (२) ले ५० हजारभन्दा बढी लेनदेनको कागजात वडा कार्यालयमा दर्ता गर्नुपर्ने व्यवस्था गरेको छ।

१२ साउन २०८० मा उक्त ऐन संशोधन प्रमाणीकरण भएकाले लेनदेनसम्बन्धी तमसुक र लिखत स्थानीय तहबाट प्रमाणीकरण गर्न ६ महिनाको समय दियो। सो समय अगामी माघ ११ मा सकिँदैछ। तमसुक दर्ता नभए पैसा डुब्ने चिन्ताले दर्ताको समय सीमा सकिने बेला वडा कार्यालयमा साहूको बिहानैदेखि भिडभाड छ। धनुषाको कमला नगरपालिका–३ का वडाध्यक्ष राम भगत भन्छन्, 'कार्यालय खोल्नु अगाडिदेखि नै भीड लागेको हुन्छ। म आएदेखि काम गरिरहेको छु। एक मिनेट फुर्सद छैन।'

१०/१५ दिनयता तमसुक दर्ता गराउनेको भिडले अरु काम ठप्पप्रायः भएको उनले सुनाए। वडाध्यक्ष भगतका अनुसार अनुसार वडामा लेनदेनसम्बन्धी करिब १ हजार तमसुक दर्ता भइसकेको छ। म्यादसम्म अझै ४/५ सय दर्ता हुने अनुमान छ। प्रति तमसुक दर्ताका लागि २ सय राजस्व तोकिएको छ। सिरहा औरही गाउँपालिका–५ का वडाध्यक्ष रामपृत यादवले पनि व्यस्तताले कुर्सीबाट उठ्न पनि नपाएको अनुभव सुनाए।

उनले भने, 'पहिलेदेखि नै कपाली तमसुक दर्ता गर्नुपर्ने प्रावधान छ। तर, ०७५ यता ऋण लिने र दिनेहरू ब्याकडेटमा कपाली बनायो। पुरानो कागज पनि दर्ता गर्नुपर्ने कुरा थाहा पाएपछि अब बल्ल वडामा आउन थालेका छन्। त्यसैले भिडभाड बढी भएको छ।'

**ऋणी नआएपनि तमसुक दर्ता**

गौरीबहादुर कार्कीको अध्यक्षतामा अनुचित लेनदेन ( मिटरव्याज) सम्बन्धी जाँजबुझ आयोग गठन भएको थियो। आयोगको म्याद सकिसकेको छ। आयोगले मुलुकी ऐनको संशोधित व्यवस्था सबै स्थानीय तहलाई जानकारी गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र लेखेको थियो। संघीय मामिला मन्त्रालयले पनि सबै स्थानीय तहलाई कपाली तमसुकबारे भएको कानूनी व्यवस्था र तमसुक प्रमाणित गर्दा विचार गर्नुपर्ने कुराहरुसहित पत्र लेख्यो।

जुन पत्रमा भनिएको छ, 'तमसुक लिखत प्रमाणीकरणको लागि स्थानीय तह वा वडा समितिको कार्यालयमा निवेदन दर्ता भएपछि साहु वा असामीमध्ये कुनै एक पक्ष उपस्थित नभए पनि लेनदेन कारोबारको यथार्थता बुझेर प्रमाणित गरिदिनुपर्ने भएकाले लिखतका दुवै पक्षका साक्षीहरूलाई बुझ्नु नै उचित हुने भएकाले ती साक्षी बुझ्नु नै उपयुक्त हुन्छ।' सोही आधारमा अहिले वडा कार्यालयहरूले ऋणी उपस्थित नभएपनि साहूले दिएको निवेदनको आधारमा तमसुक दर्ता गर्ने गरिएको छ।

वडाध्यक्ष यादव भन्छन्, 'साहु र ऋणी दुवै आएपछि एकछिनमै कपाली तमसुक दर्ता हुन्छ। तर धेरै ऋणी आउने गरेका छैनन्। नआएको अवस्थामा हामीले पत्र पठाएर सात दिनको समय दिन्छौं। तैपनि नआए कानूनबमोजिम साहुले दिएको निवेदनको आधारमा कपाली तमसुक प्रमाणीकरण गर्छौं।'

गाउँघरमा कुनै ऋणीले ५० हजार ऋण लिएका छन् भने त्यसको त्रिबलसम्म कपाली बनाइएको छ। ऋणीबेगर साहूकै निवेदनको भरमा कसरी वास्तविक कारोबारको विश्वास गर्नू ? भन्ने जिज्ञासामा वडाध्यक्ष यादवले भने, 'ऋणी आएर जति भन्छन्, उनको कुरा कैफियतमा लेखिदिन्छौं। आउँदैनन् भने हामी कसरी थाहा पाउने कि वास्तविक ऋण कति हो। त्यसैले ऋणी उपस्थित नभएको अवस्थामा कपाली कागजमा उल्लेख भएकै रकम सदर हुनेगरी दर्ता गर्छौं।'

यदि ऋणीले तमसुक (लिखत) मा बढी रकम उल्लेख गरेको, तर आफूले कम रकम लिएको भनेको छ भने सोही कुरा लेखेर प्रमाणित गराउनु पर्ने आयोगको मार्गदर्शनमा उल्लेख छ। कमला नगरपालिका–३ का वडाध्यक्ष राम भगतले पनि ऋणी नआएपछि साहूले दिएकै निवेदन र तमसुक प्रमाणित गरिदिएको बताए।

'वास्तवमा कपाली कागज सबै साहूले दिएको ऋणको तीनगुणाको कागज बनाएका छन्। तर, ऋणी नआएपछि हामीले के गर्ने ? तपाईँसँग केही सुझाव छ भने दिनुस्', उनले थपे, '१० प्रतिशत ऋणीले मात्र यथार्थ कुरा भन्छन्। उनीहरूको कुरा हामीले कैफियत जनाउने गरेका छौं।'

ऋण असुल्दा अहिले दर्ता भएको कपाली कागजलाई साहूले आधार बनाउने हुँदा आउँदा दिनमा अझ समस्या निम्तिन सक्ने भगतको भनाइ छ। अहिले पनि कपाली कागज लिएको ऋणभन्दा बढीको बनाएको विषयमा केही ऋणी र साहुबीच विवाद भएको बताए। उनका अनुसार साहू रामचन्द्र मरिकले कपाली दर्ताका लागि वडामा निवेदन दिएका छन्। ऋणि सन्तोष सुनरैत छन्। उनी पनि आएर कपालीमा सनाखत गरदिन तयार भए। तर, ऋणी भन्छन्– चारगुणाको कपाली छ, लिएको रकम विवरणमा लेखिदिनुहोस्। तर, साहूले तमसुककै अनुसार दर्ता गर्ने भनेपछि त्यो फाइल थाती छ।

**कपालीमा अंक बढाएको साहू नै स्वीकार्छन्**

औरही गाउँपालिका–५ स्थित वडा कार्यालयमा कपाली तमसुक दर्ता गराउन पुगेकी अमलादेवी ठाकुरले ५० हजार ऋणमा एक लाख ५० हजारको कागज बनाएको स्वीकारिन्। दर्ता ५० हजारको कपाली गराउने कि एक लाख ५० हजारको भन्ने जिज्ञासामा उनले भनिन्, 'कपालीमा जे छ, त्यही दर्ता हुन्छ। तर, रूपैयाँ लिने बेलामा ऋणीसँग मात्र ५० हजारको ब्याज जोडर लिन्छु।'

यदि ऋणीले समयमा दिन नसक्ने अनि अदालत गए मूलधन र व्याज पनि असुल्नुहुन्छ ? भन्ने जिज्ञासामा उनले भनिन्, 'उसले ( ऋणी) बेइमान भयो भने केही छैन। अनी हामी बेइमान भयो भने के हुन्छ ?'

# उखु किसानको सत्र करोड भुक्तानी

**जनार्जन खत्री**

सर्लाही, २९ पुस। तीन साता अघिदेखि उखु क्रसिङ सुरु गरेको इन्दुशंकर चिनी उद्योग हरिवनले किसानलाई१७ करोड रुपियाँ भुक्तानी गरेको छ। उद्योगले नेपाल सरकारले निर्धारण गरेको उखुको मूल्य अनुसार किसानलाई १७ करोड सात लाख रुपियाँ भुक्तानी दिइसकेको उद्योगका प्रशासकीय प्रमुख ठाकुर नेपालले जानकारी दिनुभयो। सरकारले यो वर्ष उखुको मूल्य प्रतिक्विन्टल ६३५ रुपियाँ निर्धारण गरी चिनी उद्योगले ५६५ रुपियाँ र सरकारले अनुदानबापत ७० रुपियाँ उपलब्ध गराउने उल्लेख गरेको छ।

बर्सेनि बेलैमा उखु किसानलाई भुक्तानी दिने छवि बनाएको इन्दुशंकरले यो वर्ष पनि १० दिनदेखि दुई हप्ताको अन्तरालमा उखु किसानको खातामै पैसा हालिदिएको हो। इन्दुशंकरले पुस ६ गतेदेखि उखु क्रसिङ सुरु गरेको थियो। उद्योगले अहिलेसम्म सात लाख ६४ हजार ७०० क्विन्टल उखु क्रसिङ गरेको प्रशासकीय प्रमुख नेपालले बताए। उनका अनुसार उद्योगले यो वर्ष ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य लिएको छ।

उखु किसानको आन्दोलनका कारण केही समय ढिलो गरी उद्योग सञ्चालन भयो। किसानले अहिले उद्योगबाट चलान पुर्जी (उखु ल्याउने अनुमतिपत्र) लिएर धमाधम मिलमा उखु ल्याइरहेका छन्। पूर्व–पश्चिम राजमार्गसहित भित्री सडकमा जतातते उखु बोकेका टायर गाडा, ट्याक्टर र ट्रक देखिन्छन्। जिल्लाका तीन वटा चिनी उद्योगमध्ये इन्दुशंकर चिनी उद्योग हरिवन र महालक्ष्मी चिनी उद्योग बगदह सञ्चालनमा भए पनि अन्नपूर्ण चिनी उद्योग धनकौल यो वर्ष अहिलेसम्म सञ्चालनमा आएको छैन। उखु किसान महासंघ गोडैताका अध्यक्ष एवं गोडैत नगरपालिकाका प्रमुख देवेन्द्र यादवले आफ्नो नगरपालिकाभित्र रहेको महालक्ष्मी चिनी उद्योग बगदहले पनि यो वर्ष उखु किसानको भुक्तानीमा धेरै सुधार गरेको बताए। धमाधम उखु क्रसिङ गरिरहेको उद्योगबाट १० देखि १५ दिनको अन्तरालमा भुक्तानी पाइरहेको भन्दै उहाँले खुसी व्यक्त गरे।

# शीतलहर छल्न मुसहर समुदायद्वारा दाउरा माग

**जीवछ यादव**



लहान, २९ पुस। शीतलहरको चपेटामा परेका विपन्न मुसहर समुदायले दाउरा र न्यानो लुगा माग गरेका छन्। अन्य समुदायको तुलनामा अभावै अभावमा जीवन बिताउने मुहसर समुदाय ९९ प्रतिशत भूमिहीन र हरुवाचरुवा छन्। लहान–१२ की शिवकुमारी सदाय भन्नुहुन्छ, "शीतलहर चलेपछि जटियाहीका मुसहर समुदायलाई ठुलो समस्या भएको छ। घुर ताप्न दाउरा छैन। अझै शीतलहर लम्बिने हो भने हातमुख जोर्न समस्या हुनेछ।" सखुवानन्कारकटी गाउँपालिका–२ पटनाका मिसरीया सदायका अनुसार कृषकले यस वर्ष धान काटिने मेसिन प्रयोग गरेर धान भित्र्याएपछि जनजीवनको रूपमा धान मजदुरीको रूपमा जम्मा हुन सकेन। शीतलहरमा निर्माण मजदुरको रूपमा काम गर्न जाऊ भने न्यानो लुगा छैन। ठुलो समस्या आइपुग्यो। गाउँपालिकाबाट मुसहर समुदायलाई कष्टकर जनजीवनलाई सहज बनाउन कुनै राहत आउने छाँटकाँट छैन कसरी बाँच्नु ठुलो समस्या भयो।

लहान–२ को नहर किनारामा बसेका मुसहर समुदाय सहरी क्षेत्रमा ठेला चलाएर निर्माण मजदुरको रूपमा काम गरेर दैनिकी टार्नेहरूको जनजीवन कष्टकर भइरहेको स्थानीय गेनादेवी सदायले पीडा पोखे। उनको अनुसार शीतलहरबाट जोगिन परालको आगो तापेर जसोतसो समय काटिरहेका छौं।

लहान नगर प्रमुख महेशप्रसाद चौधरीसँग दलित विपन्नलाई शीतलहरबाट जोगाउन के गरिरहनु भएको छ भने जिज्ञासामा उनले भने, "नगर सभामा व्यस्त रहेकोले दाउरा र न्यानो लुगा वितरणमा केही ढिलाइ भएकै हो। कम्बल र दाउरा वितरण कार्य चाँडै हुनेछ।" शीतलहर बढेपछि सिरहाका १७ वटै पालिकाका शिक्षा शाखाले जाडो बिदा दिएको छ। नरहा गाउँपालिका, गोल बजार नगरपालिका, नवराजपुर गाउँपालिका विष्णुपुर गाउँपालिका डिभिजन वन कार्यालय सिरहा लहानबाट दाउरा खरिद गरी विपन्न बस्तीमा वितरण गरिएको छ। धनगढीमाई नगरपालिका–५ ले न्यानो लुगाको रूपमा मोटो सिरक नै वितरण गरिसकेको छ।

शीतलहर र बाढीको चपेटामा प्रत्येक वर्ष दलित विपन्न समुदाय नै पर्ने गरेको पूर्व जानकारी भए पनि पालिकाको विपद् व्यवस्थापन समितिको पूर्व तयारी नहुनु विडम्बना नै भएको दलित अभियन्ता राम गणेश दासले गुनासो गरे।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)